मिति २०८१/०८/०९ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट -७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | — |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | — |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | — |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | |
| २० | श्री तेज माया गुरुङ | स.क.अ. | गा.पा.का. | |
| २१. | ई. मेघनाथ पुध्याख्व | इन्जिनियर | गा०पा० | |

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।

२. अन्तर स्थानीय तह भ्रमणको समीक्षा एवं उपलब्धी सम्बन्धमा ।

३. IEE प्रतिवेदन एवं दहत्तर बहत्तरको आय ठेक्का सम्बन्धमा ।

४. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रिय अपाङ्गता दिवस सम्बन्धमा ।

५. सडक बोर्ड द्धारा विनियोजित रकम कार्यान्वायन सम्बन्धमा ।

६.

७. सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुको भवनको नक्सा पास र अभिलेखिकरण सम्बन्धमा।

८. विविध ।

**निर्णयहरुः**

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजना प्रगति लगायत अन्य समसामयिक विषयमा वडागत समीक्षा गरियो।

**निर्णय नं. २)** आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यपालिका सदस्यहरुको **अन्तर पालिका भ्रमण**का क्रममा लुम्बिनी र कर्णाली प्रदेश का भैरवी गाउँपालिका, स्वर्गद्धारी नगरपालिका र माण्डवी गाउँपालिकासँग अन्तरक्रिया र असल अभ्यास अदान प्रदान गर्ने मौका मिल्यो ।भ्रमणका क्रममा रुपन्देही, दाङ्ग, सुर्खेत, दैलेख, प्युठान, कालिकोट, जुम्ला हुँदै मुगु जिल्लाका विभिन्न पर्यटकीय, धार्मिक स्थानहरुको अवलोकन समेत गरियो | अन्य स्थानीय तहको असल अभ्यास र प्रयास यस गाउँपालिकाका लागि पनि अनुकरणीय रहेको र यस गाउँपालिकाको असल अभ्यास र प्रयासको आदान प्रदानले यस गाउँपालिकाको परिचयलाई राष्ट्रिय स्तरमा स्थापित गर्न सहयोग गरेको अनुभूती भएको छ । खास गरेर मुगुको राराताल,प्यूठानको स्वर्गद्धारीजस्ता पर्यटकीय स्थलको अवलोकन र सिकाई बारपाक सुलिकोट गाउँपालिका भित्रका पर्यटन प्रवर्दनको राम्रो सम्भावना भएका धेरै ठाउँहरुमा अबलम्बन गर्न सके यस गाउँपालिकाले लाभ लिन सक्ने देखिन्छ। समग्रमा भ्रमण निकै फलदायी रहेको समीक्षा गरियो ।

**निर्णय नं. ३)** मिति २०८१/०८/०८ गते बारपाक सुलिकोट गाउँपालिका र अजिरकोट गाउँपालिका बिच भएको संयुक्त वैठकको निर्णय अनुसार तारापुञ्ज कन्सलटेन्सी प्रा. लि.ले सम्झौता बमोजिम पेश गरेको **IEE** प्रतिवेदन स्वीकृत गरी बारपाक सुलिकोट गाउँपालिका र अजिरकोट गाउँपालिकाको सीमाना भएर बग्ने दरौंदी नदीको कालिका हाइड्रोपावर सँगैको ड्याममा रहेको नदीजन्य पदार्थको संकलन, बिक्री तथा वितरण गर्ने प्रयोजनार्थका लागि दहत्तर बहत्तरको संयुक्त ठेक्का गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४)** लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा वडागत रुपमा सचेतना कार्यक्रम सञ्चालन गर्ने साथै २०८१/०८/२४ गते बारपाक सुलिकोट गाउँपालिका र सामाजिक विकास कार्यालय गोरखाको सहकार्यमा लैङ्गिक हिंसा विरुद्ध वडास्तरीय सचेतनामूलक लोक गीत तथा नृत्य प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५)** सडक बोर्ड नेपाल द्वारा यस बारपाक सुलिकोट गाउँपालिकालाई प्राप्त रु.१० लाखमा तपशिल बमोजिमका सडकहरुमा गाउँपालिकाको समेत साझेदारीमा मर्मतसम्भारको कार्य गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

| क्र.स. | योजनाको नाम | सडक बोर्ड नेपालको साझेदारी रकम | गाउँपालिकाको साझेदारी रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | चनौटे — ता.मा.ला.वोट — आहालडाँडा — पाल्खु सडक मर्मत सम्भार कार्य | ५ लाख मात्र । | ५ लाख मात्र । | १० लाख मात्र । |
| २ | देउराली — धारापानी — बालुवा सडक मर्मत सम्भार कार्य | ५ लाख मात्र । | ५ लाख मात्र । | १० लाख मात्र । |

**निर्णय नं. ६)** सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुको भवनको गाउँपालिकाको नियमानुसार नक्सा पास र अभिलेखीकरण गरेर मात्रै हस्तान्तरण गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ७) विविध ।**

क) बारपाक सुलिकोट गाउँपालिका वडा नं ५ स्थित डाँडापारीको बाटो मर्मतको लागि रेशम बहादुर थापा क्षेत्रीलाई रु. २०,००० मात्र दिने निर्णय गरियो ।

ख) मिति २०७९/०९/२५ को गाउँ कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषदको निर्णय बमोजिम यस पालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा छुट भएका कित्ता जग्गाहरु मध्ये सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण निम्न अनुसार गर्ने निर्णय गरियो ।

| क्र.स. | जग्गाधनीको नाम | हालको ठेगाना | साविक ठेगाना | | कित्ता नं. | भू-उपयोग क्षेत्र |
|---|---|---|---|---|---|---|
| | | | गा.वि.स. | वडा नं. | | |
| १ | राम बहादुर भट्ट क्षेत्री | बा.सु.गा.पा. -७ | पन्द्रुङ | ७ | ९७४<br>९७७<br>९८३ | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र |
| २ | माया देवी ढकाल | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ४ | ४२६ | कृषि क्षेत्र |
| ३ | डम्बरलाल श्रेष्ठ | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ३ | १२४३ | आवासीय क्षेत्र |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नारायण श्रेष्ठ | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ७ | ९५८ | आवासीय क्षेत्र |
| ५ | रहम तुल्ला मिया | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ३ | १३९७ | आवासीय क्षेत्र |
| ६ | इन्द्रमान रोका | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ५ | ५८१ | कृषि क्षेत्र |
| ७ | भिम बहादुर गुरुङ | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ४ | १२७७ | कृषि क्षेत्र |
| ८ | धर्म नन्द पनेरु | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ४ | ५५५ | कृषि क्षेत्र |
| ९ | लिलाराज अंगाई | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ३ | १३३७ | कृषि क्षेत्र |
| १० | देवी प्रसाद अंगाई | बा.सु.गा.पा. -८ | पन्द्रुङ | ५ | ८९४ | कृषि क्षेत्र |

ग) बारपाक सुलिकोट गाउँपालिका वडा नं ३ मा स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/०१/१२ को निर्णयबाट ५-०-०-० रोपनी जग्गा प्राप्ति गर्ने निर्णय भएकोमा सोही जग्गासँग जोडिएर नेपाल सरकारको नाममा नै स्वास्थ्य चौकीको जग्गा भएको एवं स्वास्थ्य चौकी निर्माण भई घेरावार समेत निर्माण भई सकेको हुँदा हाललाई स्वाँरा गा.वि.स. वडा नं ४ को कि.न. १९९ को जम्मा क्षेत्रफल ३-१३-२-२ मध्यबाट दक्षिण पश्चिम तर्फको ०-९-०-० र कि.नं ६६१ को जम्मा क्षेत्रफल ५-७-१-२ बाट दक्षिण पूर्व तर्फको ०-११-१-२ समेत गरी जम्मा क्षेत्रफल १-४-१-२ मात्र जग्गा प्राप्ति गर्नु पर्ने भएको हुँदा निर्णय संशोधनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

घ) यस गाउँपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुको स्वास्थ्य विमाको आधा रकम संघीय सरकार मार्फत र बाँकी रकम गाउँपालिकाले व्यहोर्ने गरी स्वास्थ्य विमा गर्ने निर्णय गरियो ।

ङ) पोषण मैत्री गाउँपालिका कार्यक्रमको बजेट तथा कार्यक्रम आगामी १६औं गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

च) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँ कार्यपालिकाले आफ्नो क्षेत्राधिकार बाहिर कर, शुल्क वा महसुल निर्धारण तथा असुली नगरेको भनी स्वःघोषणा गर्ने निर्णय गरियो।